मिति : १८ नोभेम्बर २०२३

# २१ अक्टोबर २०२३ को वार्ताबाट आएको निष्कर्षहरूबारे जानकारी

आदरणीय संयुक्त अधिराज्यबासी किरात राई आमा-बाबा, दिदीबहिनी तथा दाजुभाइहरु : जिउ बाम, दाक्सु, सिवा, सेव, सेवा, सेवाके, सेवाखान्ने, सेवाफो, स्यामुसिङ्ग, हौवा, हौवा मुनिके, नमस्ते !

संयुक्त अधिराज्यबासी किरात राई जातिको साझा प्रतिनिधिमुलक संस्था किरात राई यायोक्खा बेलायत केन्द्रीय कार्यसमिति भित्र विगत केहि वर्षदेखि श्रृंखलाबद्ध रुपले उत्पन्न परिस्थितिहरुबारे, सरोकारवाला तथा सचेत सबै किरात राईहरु जानकारै हुनुहुन्छ भन्ने हाम्रो विस्वास रहेको छ । किरात राई यायोक्खा बेलायतको शुभचिन्तकहरु, शुभेच्छुकहरु, सरोकारवाला संस्था अनि व्यक्तिहरुले मेलमिलापको प्रयासहरुलाई जारी राख्दै परिणाममुखी निस्कर्षमा पुऱ्याउने अनेक कोसिस गर्दै आउनु भएको पनि सर्वविदितै छ । किराया नेपालले फेरी सक्रियता देखाए बमोजिम पछिल्लो समय केहि चरण वार्ताहरु हुँदै आएको थियो । र यसै सिलसिलामा, गत मिति २१ अक्टोबर २०२३ को दिन किरात राई हाउस ग्याम्बल्स लेनमा मेलमिलापको लागि बसेको दुबै पक्षको बैठक (वार्ता), मिल्न अथवा एक हुन नसक्ने दुःखद निस्कर्षमा टुङ्गिन पुगेको छ । वार्ताको यस निरासाजनक निस्कर्षबाट बेलायतबासी तमाम किरात राईहरुमा पर्न जाने असर साथै असुविधाप्रति, हामी यसै जानकारी पत्र मार्फत क्षमा माग्दछौं । हाललाई मेलमिलापको संभावना टरेर गएपनि हाम्रो तर्फबाट संवाद, वार्ता र मेलमिलापको ढोका सधै खुल्लै राखिने जानकारी गराउँदै निरास नहुन सबैमा अनुरोध गर्दछौं ।

विवाद, मतभिन्नता अनि मतान्तरका कारणहरु हुन्छन । विवादको केन्द्रमा रहेको चुला र संगठन भित्र किराया नेपालको स्थानलाई लिएर हामी विच गम्भिर असहमति देखा पर्न गयो । विवादित चुलाको सन्दर्भमा हामीले विभिन्न समयमा लिखित रुपमै यसको समाधानको लागि संस्थागत धारणाहरु सार्वजनिक गर्दै आएको छौं । हामी आफै तीन चुला मान्ने र मान्न प्रेरित गर्ने सचेत सरोकारवाला व्यक्ति हौं । तथापी, हामी मिल्दै गर्दा पनि, हामीले किरात राई जातिको विशिष्टता र मौलिकता माथि आघात पार्दै विवादित चुला अनि सांस्कृतिक वर्चश्व कसैमाथि लाद्न अथवा थोपर्न हुन्न, सबैको सम्मान गर्नुपर्छ मात्र भनेका हौं ।

यसैगरी, किराया नेपालको सन्दर्भ नौलो नभए पनि ऐतिहासिक आधारमा बेवास्ता गर्दै आएको विषय हो । तर यस पटक भने यो विषय नमिल्नकै लागि जोडतोडका साथ उठान गरिएको हो कि भन्ने हाम्रो ठहर छ । यसमा, किराया बेलायत, किराया नेपालको बिदेश शाखा संगठन हो भन्ने रि.मे. योगेस राई पक्षको लिखित दाबी रहेको छ । तर, किराया बेलायत स्थापना कालदेखि निर्बिवाद रुपले स्वतन्त्र संस्था रहँदै आएको र स्थापनाको धेरै वर्षपछि किराया नेपालको सम्बन्धन संस्था रहने मौखिक (लिखित) सहमति भएको संस्थाको इतिहास रहेको र यहि इतिहास सहि हो भन्ने हाम्रो स्पष्ट मान्यता साथै दाबी रहँदै आएको छ ।

किरात राई यायोक्खा बेलायत स्वतन्त्र रुपले स्थापना भएको संस्था हो । यस संस्थाको आफ्नै विधान रहँदै आएको छ । यसै विधानको आधारमा हाम्रो सम्मेलन तथा महाधिवेशनहरु हुदै आएका छन । जसले सबै प्रकारको मान्यता, विश्वास र वैधानिकता प्राप्त गर्दै आएको छ । र यस विधान, किरात राई यायोक्खा नेपालको विधानको विदेश शाखा



किरात राई यायोक्खा बेलायत संघीय परिषद सचिवालय
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS

संगठनमा उल्लेख भएको प्रावधान बमोजिम अथवा त्यसमाथि आधारित भएर कहिल्यै लेखिएको छैन । सातौं सम्मेलनसम्म किरात राई यायोक्खा नेपालले यसै विधानलाई वैधानिक मान्यता प्रदानगर्दै आएको लिखित अभिलेखहरु छन । तसर्थ, हामी यहि इतिहास, विस्वास अनि वैचारिक आधारमा उभिएको, एक स्वतन्त्र र पूर्ण देशिय हैसियतको किराया बेलायतको पक्षमा अडिग रहि रहेका छौं र रहने छौं ।

हामी अहिले मिल्न अथवा एक हुन नसक्नु हाम्रो संस्थागत एजेण्डा मात्र नभएर, मुख्यगरी किराया बेलायत र किराया नेपालको सम्बन्ध : सम्बन्धन संस्था कि विदेश शाखा संगठन हो !? भन्नेमा ठूलो मतभिन्नता हुनु हो । भने, दुबै पक्ष आ-आफ्नै तर्क र अडानमा रहने पक्का भएपछि, अब :

- **किरात राई यायोक्खा बेलायत केन्द्रीय कार्यसमिति** अंग्रेजीमा Kirat Rai Yayokkha UK Central Committee (संगठनको संरचना भाषिक संघमा रुपान्तरित हुदै गरेको) किराया नेपालको सम्बन्धन संस्था मान्ने, अनि
- **शाखा संगठन यूके - किरात राई यायोक्खा नेपाल** अर्थात किरात राई यायोक्खा नेपालको शाखा संगठन यूके हुने अर्थात मान्ने भएको छ ।

हामी सरोकारवालाहरुले, किरात राई यायोक्खा बेलायत संस्थाको स्वतन्त्र विधान, इतिहास अनि लिखित तथा अलिखित (मौखिक) सहमतिहरुको सम्मान तथा पालना गर्नु, संस्थाको उपलब्धिहरुको रक्षा गर्नु, संस्थालाई गतिशिल र जीवित राख्दै पुस्तान्तरण गर्दै जानु आफ्नो कर्तब्य ठानेका छौं । हाम्रो तर्फबाट भएको मेलमिलापको ईमान्दार प्रयास र वार्ता सम्बन्धि विस्तृत विवरण पेश गर्न निकट भविस्यमा एक जानकारी सभाको आयोजना गर्नेछौं । साथै यस्तो परिस्थितिका विच संस्था अब कसरी अघि बढ्छ र बढ्नु पर्छ भन्ने सम्बन्धि हामी किरात राई यायोक्खा बेलायतका सबै प्रारम्भिक कार्य समितिहरु, किराया बेलायतमा आवद्ध भाषिक संस्थाहरु, भातृ संस्थाहरु, सि आई सि का निर्देशकहरु, संस्थाको सबै प्रकारका सदस्यहरु र अन्य सरोकारवाला सबैसँग अन्तरक्रिया तथा छलफल गरेर आगामी कार्यदिशा अनि कार्यनीति तय गर्दै अघि बढने छौं ।

अन्तमा, विवाद समाधान गर्दै समस्त बेलायतबासी किरात राईहरुको मेलमिलापको लागि निरन्तर प्रयास गर्ने : संस्थाको पूर्व अध्यक्षहरु, किरात राई एकता मन्च, किराया बेलायतको प्रारम्भिक कार्यसमितिहरु, माङ्खिम तथा साकेला स्थल ब्यावस्थापन समिति सि आई सि का निर्देशकहरु, भाषिक संस्थाहरु र अन्य सरोकारवाला तथा शुभचिन्तक सबैलाई हार्दिक आभार प्रकट गर्न चाहान्छौ । निस्वार्थ भावनाले किरात राई समुदाय मिलाउने तपाईहरुको त्याग र समर्पणलाई हामी खेर जान नदिने प्रतिज्ञा पनि गर्दछौं ।

धन्यवाद !

**मे.रि. दिल कुमार राई**
**उपाध्यक्ष तथा वार्ता संयोजक**
**किरात राई यायोक्खा बेलायत**

नोट : *दुबै पक्षको भनाई अथवा मेलमिलापको अजेन्डाहरुलाई समस्त बेलायतबासी किरात राईहरु सामु ऐनाझैं छर्लङ्ग देखाउनु पनि यस जानकारी पत्रको उदेस्य रहेको छ । तसर्थ, मेलमिलापको लागि वार्तामा प्रस्तुत भएको दुबै तर्फको दस्तावेजहरु यसै जानकारी पत्र सँग संलग्न गरिएको छ ।*



*किरात राई यायोक्खा बेलायत संघीय परिषद सचिवालय*
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS

## किरात राई यायोक्खा वेलायत
## मिलनको निम्ती बुदाँहरु र आधिकारिक धारणा

किरात राई यायोक्खा वेलायत बासी किरात राईहरुको चाहाना र आवस्यकता अनुसार सन २००४ मा स्थापना भएको हो। यो वेलायत बासी सम्पूर्ण राईहरुको साझा संगठन भई हाल सम्म यसको बिधानले निर्दिष्ट गरे अनुसार आफ्नो कार्यहरु गर्दै आईरहेको छ। तर बिडम्बना केहि बर्ष अघि सन २०१९ बाट केहि समुह छुटेर किरात राई यायोक्खाको नमाकरण गरि भिन्दै बिधान (संघिय) र संरचना निर्माण गरि अगाडी बढि रहनु भएको छ। हामी र उक्त समुह बिच बिगत ३ बर्ष देखि नै मिलनको निम्ति पटक पटक वार्ता हुदै पनि आईरहेको छ तर हाल सम्म मिलन बिन्दुमा पुग्न असमर्थ भएका छौ। यो अवस्था स्रिजना भई हाल सम्म पनि मिलन् नुहुनु सम्पूर्ण वेलायत बासी राईहरुको साथै बिश्व भरिका राईहरुको निम्ति दुखद् अवस्था हो। तसर्थ किराता राई यायोक्खा वेलायत फेरि पनि छुटिएर गएको समुहलाई किरात राई यायोक्खा वेलायतको बिधान मानेर र यहि बिधानमा रहि पुन मिलन भई एक जुट भएर अगाडी बढ्नको निम्ति आग्रह गर्दछ। एकता नै बल हो भन्ने भनाई लाई आत्मसाथ गरि पुन मिलनको निम्ति छुट्टिएर गएको समुहलाई किरात राई यायोक्खा हार्दिक अनुरोध गर्दछ।

मिलनको निम्ति बुदाहरु र किरात राई यायोक्खा युकेको धारणाहरु;

### १. चुला (सुप्तुलुङ्) :

(क) किरात राई यायोक्खा वेलायतको चुला (सुप्तुलुङ्) बार्षिक रुपमा मनाईने सकेला उभौली र उधौलीमा मुन्दुमी पुजा गर्नको निम्ति हो। कहिले काहि किरात राई यायोक्खाको कार्यक्रम हुदा आवश्यक परेमा मुन्दुमी पुजा गरिने चुला हो। जस्तै यलम्बर स्म्रिती दिवशमा धनुष बाण प्रयोग गरिने भएकोले सिकारी मुन्दुमी पुजा गरिन्छ। यसमा कुनै पनि ब्यक्तिको पारिवारिक चुला नेपालको चुला घरमा जस्तो पुजा गरिदैन। उक्त मुन्दुमी पुजाहरुमा बान्तवा र चाम्लिङ भाषी नाक्छोङहरुले प्रत्येक साकेला उभौलि, उधौलि र यलम्बर दिवशहरुमा मुन्दुमी पुजा गर्दै आउनु भएको कुरा सबैलाई जानकारी गराउन चाहान्छौ। उक्त चुलामा अरु जो कोहिले पनि मुन्दुमी पुजा गर्नु चाहानु हुन्छ भने उहाँहरुले किरात राई यायोक्खा संग अनुमती लिई प्रयोग गर्न सक्नु हुनेछ।

यो चुला (सुप्तुलुङ्) हामी राईहरुको संस्कार, संक्रिति र मुन्दुमी पहिचानको निम्ति पनि हो जहाँ हामी राईहरुको चुला र मुन्दुमी संस्कार हाम्रा युके बासी आउने पिडीहरु देखाउन, दर्शाउन वा अनुभव गराउन पनि हो। त्यस्तै गरेर राईहरु त्यस्का अतिरिक्त अन्य जात जातीहरु तथा बिदेशीहरुलाई पनि देखाउन सकिन्छ।

अझ महत्वपूर्ण कुरा चाही हालको चुला अस्थाई संरचनामा अवस्थित छ। यो चुलालाई पछि हाम्रो चाहाना अनुसारको बिशाल माङ्खिम (चुला घर) बनाउदा किरात राई योयोक्खा वेलायतसंग आवद्ध सबै किरात राई यायोक्खा प्रारम्भिक समितीहरु, सबै भाषिक संस्थाहरु, सबै नाक्छोङहरु, सबै मुन्दुमी ज्ञाताहरु तथा युकेको स्थानिय सरकारका शाखाहरु संग छलफल र सहकार्य गरेर चुलालाई स्थाई रुपमा स्थापना गरिने छ। पुन प्रकाश पार्दछु कि हालको चुला अस्थाई रुपमा रहेको छ र पछि यसलाई स्थाई रुपमा सबैको मन्जुरीमा यसलाई स्थाई रुपमा स्थापना गरिने छ।

(ख) अब हाल रहेको चुला सम्बन्धि किरात राई यायोक्खा युके र अर्को समुह बिच रहेको मतभेदलाई मिलन बिन्दुको निम्ति हालको चुलालाई सबै भाषिक संस्थाहरुलाई पनि मनाउदै भविष्यमा माङ्खिमको संरचना बनिन्दा सबै सरोकारवालाहरु संगको छलफल र निर्णय अनुसार यो चुलालाई स्थाई रुपमा स्थान्तरण गरिने प्रतिबद्धता गरेरे अर्को समुहलाई मिलन् बिन्दुमा ल्याउन प्रयत्न गर्ने। धैरै भषिक संस्थाहरु ले यसलाई मान्दै पनि आउनु भएको छ। यदि कुनै भाषिक संस्थालाई चुला तुरुन्त चाहिएको छ भने हामी किरात राई यायोक्खा युके र सरोकारवालाहरु संग छलफल गरि चुला राख्नको लागि स्थान उप्लब्ध गराउने।

**२. संगठनको बिधान र संरचना:**

(क) किरात राई यायोक्खा वेलायत, किरात राई यायोक्खा केन्द्र नेपाललाई संगठनको सर्बोच्चतालाई मान्ने र मानि लिईएको छ। तसर्थ किरात राई यायोक्खा केन्द्र नेपालको नै बिधानलाई शिरोपर गर्दै त्यहि बिधान अनुसार किरात राई यायोक्खा वेलायत को पनि बिधान निर्माण भएको छ। त्यस्तै गरेर किरात राई यायोक्खा वेलायतको साङठानिक संरचना पनि किरात राई यायोक्खा नेपालको बिधान लाई अनुसरण गरेर निर्माण गरिएको छ। त्यहि निर्माण गरिएको किरात राई यायोक्खा वेलायतको बिधान अनुसार गठन भएको संरचना अनुसार किरात राई यायोक्खा वेलायत संगठन हाल सम्म चलिरहेको छ। तसर्थ जब सम्म किरात राई यायोक्खा केन्द्र नेपालले बर्तमान बिधानलाई परिबर्तन गरि भाषिक संरचना अवलम्बन गर्दैन त्यस अवधी सम्म किरात राई यायोक्खा वेलायत बर्तमान बिधान र संरचनाको बारेमा कुनै पनि प्रकारको छलफल वा भविष्यमा गरिनको निम्ति प्रतिबद्ध्ता गर्न सकदैन। मुख्य कारण यदि हामीले किरात राई यायोक्खा नेपाल भन्दा फरक बिधान र संरचना अवलम्बन गर्दछौ भने किरात राई यायोक्खा यायोक्खा भनेर रहन बिधानले दिदैन साथै संगठनको झन्डा र लोगो पनि प्रयोग गर्न पाइने छैन उक्त कुरो हामी सम्पूर्ण वेलायत बासी राईहरु चाहादैनौ र सदा किरात राई यायोक्खा भएर रहन चाहान्छौ।

(ख) शारांसमा किरात राई यायोक्खा यायोक्खा, किरात राई यायोक्खा केन्द्र नेपाललाई र यसको यसको बिधान लाई मान्छ र किरात राई यायोक्खा यायोक्खा भएर रहन्छ र सम्पूर्ण युके बसी राईहरुलाई अगुवाई साथै सेवा प्रदान गर्दछ।

**३. कार्यसमिति समायोजन;**

(क) किरात राई यायोक्खा यायोक्खा र अर्को समुहको बिच मिलन हुदा उक्त संगठन र समुह रहेका समितीहरु पनि बिच समायोजन गर्न आवस्यक छ। किरात राई यायोक्खा यायोक्खा यसको बर्तमान बिधानलाई आधार मानेर बिधानले प्रदान गर्न् सक्ने अधिकतम लचकता अपनाई सम्मानजनक समायोजन गर्ने तयार छ तर नेत्रित्व हस्तान्तरण गर्न वा साझा रुपमा मान्न असमर्थ हुनेछौ। तसर्थ यसलाई घनिभुत छलफल गरि मिलन बिन्दु खोज्ने र मिलन हुने।

**४. अन्य मिलन भएमा;**

(क) किरात राई यायोक्ख वेलायत युके र अर्को समुह बाट भएको हाल सम्मको खर्चहरुको बारे पनि छलफल गर्न आवश्यक छ।

(ख) दुवै पक्षहरु बिच बर्तमान मिति सम्म आई पुग्दा गरिएका गल्तिहरु तथा गाली गलोजाहरु लाई सम्बोधन गर्दै आत्मा आलोचना आवश्यक छ यदि त्यसो गरिएन भने भविश्यमा पुन हालको जस्तो समस्या उत्पन्न हुन सक्छ।

(ग) भविष्यमा यस्तो प्रक्रितिको संगठनलाई ध्वस्त पार्ने गम्भिर गल्ति वा निर्णय नगर्ने प्रतिबध्धाता गर्ने।

**५. मिलन नभएमा;**

(क) एक आपसमा भाईचाराको ब्यबहार गर्ने दुरब्यबहार नगर्ने।

(ख) संस्थाको नाम, लोगो र झन्डा भिन्न हुनु पर्दछ।

(ग) हाल अचल अवस्थामा रहेको अर्थ नगद र जिन्सहरको बारेमा छलफल गर्ने।

(घ) Kirat Rai Mangkhim and Sakela Sthal CIC Management सहकार्य गरेर संचालन गर्ने।

(ङ)  किरात राई हाउस सहकार्य गरेर संचालन गर्ने।

**मे (रि) भुपजित राई**
संयोजक वार्ता समिती
उपाध्यक्ष किरात राई यायोक्खा युके

मिती: ११ अक्टोबर २०२३

मिति : ३० सेप्टेम्बर २०२३

## किरात राई यायोक्खा यूकेको वर्तमान समस्या र समाधानको उपायहरु

बेलायतमा बसोबास गर्ने किरात राई हामीहरु मिल्नुको विकल्प छैन। किरात राई जातिको साझा प्रतिनिधिमूलक संस्था भित्रको वर्तमान अवस्थालाई सुल्झाउदै संस्थालाई सहि मार्गमा ल्याउनको लागि हामी गम्भिरता पूर्वक लागि पर्दै, सहयोगि भूमिका निर्वाह गर्दै आएका छौ र सदा प्रतिवद्ध छौं। यसमा हाम्रो स्पष्ट भनाई के रहँदै आएको छ भने, हामी भावनाले मात्र मिलेर हुन्न, अब हामी समग्र किरात राई जातिको सर्वोत्तम हितको अजेण्डा र सिद्धान्तमा मिल्नु पर्छ। त्यसको लागि हाम्रो तीन अजेण्डाहरु स्पष्ट छन :

**मेलमिलापको लागि पहिलो अजेण्डा** : किराया बेलायतको विवादको मुख्य विउ खाम्बातिमको चुलालाई विधिवत अनि सम्मानजनक ब्यावस्थापन गर्ने।

- यस चुला किराया बेलायतको साझा चुला पनि हुन सक्दैन अनि प्रतिकात्मक चुला पनि हुन सक्दैन भन्ने हाम्रो स्पष्ट धारणा रहँदै आएको छ। यसको अतिरिक्त, यो चुला खाम्बातिमको परिकल्पना, लगानी, खर्च अनि मेहनतमा बनेको चुला हो र अहिले वहाँहरु र केहिले साझा चुला भनेता पनि अन्य कुनै भाषिकहरुले मानेको पुजेको अवस्था नभएको र चुला सँग संबन्धित चाम्लिङहरुले मात्र मान्दै पुज्दै आएको चुला हो। त्यसकारण यो लाईभ चुला हो। तसर्थ चुला सँग संम्बन्धित भाषिक र चुला सँग संम्बन्धित चाम्लिङहरुले यो चुलाको स्वामित्व लिनु अति उत्तम विकल्प हुनुको साथै सबै भाषिक समुदायहरुलाई न्याय मिल्नेछ।
- यसो भन्दा हामीलाई चुला विरोधि संस्कार संस्कृति विरोधी भनेर अर्थाइनु गलत हुनेछ। हामी किराया बेलायत संस्थाको निर्देशक सिद्धान्त अनुसार, बहुभाषिक किरात राई जाति भित्रको मौलिक धर्म, संस्कार र संस्कृतिको पक्षमा हौ। सामाजिक अभियानमा अगुवाई गरिरहेको हामी आफैलाई पनि बहुभाषिक किरात राईहरुको आम सहमति बेगर, सबै भाषिक/वर्गले स्वामित्व लिन नसक्ने कुनै निर्णयहरुमा जबरजस्ति गर्न नैतिकताले दिदैन भन्ने सामान्य कुरा सबैले बुझ्न आवस्यक छ भन्ने लाग्छ।
- यद्यपी, बेलायतबासी किरात राईहरु खास गरि सबै भाषिक/थरी समुदायहरुले, किरात राईहरु मिल्नकै लागि यो चुला लाई किरात राईहरुको साझा/प्रतिकात्मक चुला मान्न तयार हुनुहुन्छ भने उहाँहरुले लिनु अर्थात गर्नु भएको निर्णयलाई मान्न अर्थात स्विकार गर्न हामी तयार रहेको र स्पष्ट प्रतिबद्धता जनाई सकेका छौं।

तसर्थ त्यो दिनको बैठकको अन्तिम निष्कर्ष भनेको भाषिक संस्था तथा समुदायहरुलाई चुला सम्बन्धि यसरी उठेको बहसमा, उनिहरुको धारणा सहितको निर्णय लिन, तीन महिनाको अर्थात आवस्यक समय प्रदान गर्ने, र यो समय



किरात राई यायोक्खा बेलायत संघीय परिषद सचिवालय
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS

अवधि भित्र वहाँहरुले आ-आफ्नो भाषिक/संस्थागत समुदायगत बैठक बसेर, छलफल चलाउँदै आ-आफ्नो आधिकारिक निर्णय लिएर आउन पुनः अनुरोध गर्ने निर्णयमा त्रिपक्षिय सहमति भएको हो। तसर्थ मेलमिलापको लागि हामी सबैको आशा मरिसकेको छैन र अहिले हामी त्यहि तेश्रो चरणको बैठकको पर्खाईमा रहेका छौं भनेर सबैलाई आस्वस्त पार्न चाहान्छौं।

**मेलमिलापको लागि दोश्रो अजेण्डा :** वर्तमान कार्यसमिति (दुबै तर्फको) लाई सम्मान जनक सकायोजन गर्ने। यस अजेण्डामा खास जटिलता देखिदैन र सहजै मिल्न सक्ने देखिन्छ। समाधानका केहि क्राईटेरियामा सहमति हुन सकियो भने स्वतः मिल्छ भन्ने हाम्रो बुझाई रहेको छ। जस्तो समायोजनको तथा पदको बाँडफाँड, योगदान र योग्यतालाई आधार बनाउने, भाषिक समुदायहरुको समानुपातिक प्रतिनिधित्वको सुनिस्चितततालाई आधार बनाउने र महिलाहरुको समानुपातिक प्रतिनिधित्वको सुनिस्चित गर्दै कार्यसमिति सजिलै समायोजन गर्न सकिने हाम्रो प्रस्ताव अनि स्पष्ट धारणा रहेको छ।

**मेलमिलापको लागि तेश्रो अजेण्डा :** वर्तमान संगठनको संरचनालाई भाषिक संरचनामा रुपान्तरण गर्ने अर्थात बदल्ने।

- संस्थाको संरचना परिवर्तन हाम्रो ईच्छा शक्ति र त्यागको भावना भए महाधिवेशनद्धारा पारित गराई अहिले लागु गर्न सकिन्छ।
- तर ब्याबहारिक पाटोबाट हेर्दै, समग्र समुदायमा नेतृत्व विकासको अवस्थालाई हेर्दै निकट भविस्यमा संगठनको संरचना बदल्ने तथा कार्यन्वयन गर्ने प्रत्याभूति सहित सहमति र निर्णय गर्ने।
- जसको लागि संरचनाको उचित कार्यन्वयन नभईन्जेल सम्मको लागि एक उच्च स्तरिय अध्ययन र अभिमुखिकरण समिति गठन गर्ने र यसले गर्ने अभिमूखिकरण कार्यक्रम र कार्यका लागि बजेट यायोक्खाले प्रदान गर्ने निर्णयमा हाम्रो लचकता सहितको सहमति रहेको छ।
- र यसलाई अनिवार्य बैधानिकता प्रदान गरिनु पर्दछ। अनि मात्र कार्यदलले गर्ने अभिमुखिकरण कार्यक्रमहरु वैधानिक भएर जानेछन।

रि.मे. दिल कुमार राई

**उपाध्यक्ष तथा वार्ता संयोजक**

किरात राई यायोक्खा बेलायत



*किरात राई यायोक्खा बेलायत संघीय परिषद सचिवालय*
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS